नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

(जारी मितिः २०८१-०५-०२ गते बिहान ०७ बजे)

## नदीहरुको हालको अवस्था (Present River Status)

आज बिहानको मापन अनुसार कोशी, नारायणी, कर्णाली, महाकाली, कन्काई, कमला, बाग्मती, पूर्वी राप्ती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीहरुको बहाव सतर्कता तह भन्दा तलै र बढ्दो अवस्थामा रहेको छ।

## ३ दिनको जलसतह /बाढीको पूर्वानुमान (हरेक दिन बिहान ७ बजे देखि २४ घण्टा)

| | जलाधार | नदीको नाम | आज (२०८१-०५-०२) | भोली (२०८१-०५-०३) | पर्सी (२०८१-०५-०४) |
|---|---|---|---|---|---|
| १ | कोशी | सप्तकोशी, चतरा | सामान्य बढ्ने | उल्लेख्य बढ्ने | सामान्य बढ्ने |
| | | तमोर, त्रिवेणी | उल्लेख्य बढ्ने | सामान्य बढ्ने | सामान्य बढ्ने |
| | | अरूण, सिम्ले | सामान्य बढ्ने | सामान्य बढ्ने | सामान्य बढ्ने |
| | | दुधकोशी, रवुवाबजार | सामान्य बढ्ने | सामान्य बढ्ने | उल्लेख्य बढ्ने |
| | | तामाकोशी, बुस्ती | सामान्य बढ्ने | सामान्य बढ्ने | सामान्य बढ्ने |
| | | सुनकोशी, हम्पचुवार | सामान्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| २ | नारायणी | नारायणी, देवघाट | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| | | त्रिशुली, बेत्रावती | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | सामान्य बढ्ने |
| | | बुढीगण्डकी, आरूघाट | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | सामान्य बढ्ने |
| | | मर्स्याङदी, विमलनगर | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | सामान्य बढ्ने |
| | | सेती, दमौली | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | सामान्य बढ्ने |
| | | कालिगण्डकी, कुमालगाउँ | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | सामान्य बढ्ने |
| ३ | कर्णाली | कर्णाली, चिसापानी | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| | | कर्णाली, असाराघाट | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| | | भेरी, समजिघाट | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| | | पश्चिम सेती, दिपायल | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| ४ | महाकाली | महाकाली, परिगाउँ | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| ५ | कन्काई | कन्काई, मैनाचुली | सामान्य घटबढ | सामान्य बढ्ने | उल्लेख्य बढ्ने |
| ६ | कमला | कमला नदी, वेलसोत | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| ७ | बाग्मती | बाग्मती, पधेरादोभान | सामान्य घटबढ | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| ८ | पूर्वी राप्ती | पूर्वी राप्ती, रजैया | सामान्य बढ्ने | सामान्य बढ्ने | सामान्य बढ्ने |
| ९ | पश्चिम राप्ती | पश्चिम राप्ती, कुसुम | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| १० | बबई | बबई, चेपाङ | सामान्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |

## स-साना नदीमा बाढी पूर्वानुमान

### आज (२०८१-०५-०२ गते)

आज दोलखा, सिन्धुपाल्चोक, पाल्पा, स्याङ्जा, गुल्मी, रुपन्देही, प्यूठान, अर्घाखाँची, कपिलबस्तु, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, सल्यान, सुर्खेत, दैलेख, जाजरकोट, डडेल्धुरा, बैतडी, बझाङ, र आसपास भइ बहने अधिकांश स-साना बहाव उल्लेख्य बढ्ने र केहीमा आकस्मिक बहावको मध्यम जोखिमको पूर्वानुमान छ। साथै संखुवासभा, खोटाङ, ओखलढुंगा, रामेछाप, गोरखा, नवपरासी (ब.सु.पू), नवपरासी (ब.सु.प), पर्वत, म्यादी, लमजुङ, रोल्पा, , कालिकोट, अछाम, बाजुरा, डोटी, दार्चुला र आसपासका जिल्ला भई बहने केही स-साना नदीहरुमा बहाव बढ्ने पूर्वानुमान छ।


### भोली (२०८१-०५-०३ गते)

बागमती, गण्डकी, लुम्बिनी, कर्णाली, सुदूरपश्चिम प्रदेश भइ बहने केही स-साना नदीहरूमा बहाव बढ्ने तथा लुम्बिनी, र सुदूरपश्चिम प्रदेशको चुरे र तराई भई बहने केही स-साना खोलाहरूमा आकस्मिक बाढी हुन सक्ने पूर्वानुमान छ।

### पर्सी (२०८१-०५-०४ गते)

बागमती, गण्डकी, कर्णाली, सुदूरपश्चिम प्रदेश भइ बहने केही स-साना नदीहरूमा बहाव बढ्ने पूर्वानुमान छ।

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
**जल तथा मौसम विज्ञान विभाग**
**बाढी पूर्वानुमान महाशाखा**




<u>सरोकारवालाका लागि परामर्श (Advisory):</u>

**आगामी ३ दिन कोशी, नारायणी, कन्काई, कमला, बागमती, पूर्वी राप्ती र यसका सहायक नदीहरुमा बहाव बढ्ने रहेपनि सतर्कता तलै हुने तथा पश्चिम राप्ती, बबई, कर्णाली, महाकाली र यसका सहायक नदीको जलसतह सतर्कता तह नजिक पुग्न सक्ने पूर्वानुमान रहेकोले नदी तटीय क्षेत्रका क्रियाकलापमा सतर्कता अपनाईराखौं।**

**आज दोलखा, सिन्धुपाल्चोक, पाल्पा, स्याङ्जा, गुल्मी, रुपन्देही, प्यूठान, अर्घाखाँची, कपिलबस्तु, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, सल्यान, सुर्खेत, दैलेख, जाजरकोट, डडेल्धुरा, बैतडी, बझाङ, र आसपास भइ बहने अधिकांश स-साना बहाव उल्लेख्य बढ्ने र केहीमा आकस्मिक बहाव हुन सक्ने पूर्वानुमान रहेकाले नदी तटीय क्षेत्रमा उच्च सतर्कता अपनाईराखौं। साथै संखुवासभा, खोटाङ, ओखलढुंगा, रामेछाप, गोरखा, नवपरासी (ब.सु.पू), नवपरासी (ब.सु.प), पर्वत, म्यादी, लमजुङ, रोल्पा, कालिकोट, अछाम, बाजुरा, डोटी, दार्चुला र आसपासका जिल्ला भई बहने केही स-साना नदीहरुमा बहाव बढ्ने पूर्वानुमान रहेकाले नदी तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउनुहुन अनुरोध छ।**

*(बाढी पूर्वानुमान बुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ। साथै विभागको फेसबुक पेज 'Nepal Flood Alert-नेपाल बाढी सूचना' र विभागको ट्विटर 'Nepal Flood Alert! नेपाल बाढी सूचना!' हेरौं।)*

<u>नोटः</u>

**हरियो रङले जलसतह सतर्कता तह भन्दा तलै रहने र बाढीको न्यून जोखिम हुने संकेत गर्दछ।**
**पहेलो रङले जलसतह सतर्कता तह आसपास पुग्ने र बाढीको मध्यम जोखिम रहेको संकेत गर्छ।**
**सुन्तला रङले जलसतहले सतर्कता तह पार गर्ने र बाढीको उच्च जोखिम रहेको संकेत गर्दछ।**
**रातो रङले जलसतहले खतरा तह पार गर्ने र बाढीको अति उच्च जोखिम हुने संकेत गर्दछ।**

बुलेटिन तयार गर्ने :- इ. विजय धुकुछु

# Forecast References:

1) Real Time Ground Observation System for Rainfall (around 260 stations) and Water levels (Around 180 Stations) under Flood Forecasting Section, DHM
   http://hydrology.gov.np/#/river_watch
   http://hydrology.gov.np/#/rainfall_watch
2) MFD Rainfall Forecast (6 am)
3) RIMES Rainfall Forecast
4) NCMWRF Rainfall Product
   24 Hour Rainfall Forecast Today (9am to 9 am)
   24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)
5) Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)
6) Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)
7) Probabilistic Forecast for short lead time in major river system (Based on real time observation)
8) GLOFAS forecast
9) Tethys Forecasting Platform (Stream Flow Prediction Tool and HIWAT tool for Nepal (7 days forecast for small rivers)
10) Regional Flood outlook –Ganges-Brahmaputra Basin
11) South Asia Flash Flood Guidance System (Nepal)
12) Other Global Flood Forecasts
13) Satellite Cloud Picture
14) Etc…

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिनपछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट (www.hydrology.gov.np) लगअन गरी हेर्न सक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइटमा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होला की नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्व सूचना यस विभागको आधिकारिक ट्विटर: Nepal Flood Alert! नेपाल बाढी सूचना! र फेसबुक: नेपाल बाढी सूचना-Nepal Flood Alert मा पनि हेर्न सक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदीजलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढीबाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एसएमएस पठाइनेछ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नम्वरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जो कोहीले ११५५ डायल गरेर बाढी सम्बन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।